# स्थानीय तहको योजना निर्माण प्रक्रियामा युवा सहभागितासम्बन्धी निर्देशिका, २०७८

**(नमूना)**

..................................................

महानगर/उपमहानगर/नगर/गाउँपालिका

..............................

# स्थानीय तहको योजना निर्माण प्रक्रियामा युवा सहभागितासम्बन्धी निर्देशिका, २०७८
# (नमूना)

प्रस्तावनाः स्थानीय तहको योजना निर्माण प्रक्रियामा विकासको आधारशीलाको रूपमा रहेका युवाको अर्थपूर्ण सहभागिता बढाउने उद्देश्यले पालिकाको आवश्यकता र प्राथमिकताको आधारमा युवासँगको सहकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकाले,

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७.... को दफा..... बमोजिम कार्यपालिकाले "स्थानीय तहको योजना निर्माण प्रक्रियामा युवा सहभागितासम्बन्धी निर्देशिका २०७८" जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम स्थानीय तहको योजना निर्माण प्रक्रियामा युवा सहभागितासम्बन्धी निर्देशिका २०७८ रहेको छ ।

(२) यो निर्देशिका स्थानीय तहको कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) 'उपप्रमुख÷उपाध्यक्ष' भन्नाले पालिकाका उपप्रमुख÷उपाध्यक्ष बुझ्नु पर्दछ ।

(ख) 'प्रमुख÷अध्यक्ष' भन्नाले पालिकाका प्रमुख÷अध्यक्ष बुझ्नु पर्दछ ।

(ग) 'प्राथमिकता समूहका युवा' भन्नाले महिला, आदिवासी जनजाति, मधेसी युवालाई बुझ्नु पर्दछ ।

(घ) 'पालिका' भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई बुझ्नु पर्दछ ।

(ङ) "युवा" भन्नाले १६ देखि ४० वर्षसम्मका नागरिकलाई बुझ्नु पर्दछ ।

(च) "युवाको अर्थपूर्ण सहभागिता" भन्नाले योजना प्रक्रियामा यूवाको सहभागिता लक्षित समूह, साझेदार र नेतृत्वको रूपमा हुने भन्ने बुझ्नु पर्दछ ।

(छ) 'युवा समावेशी सहभागिता' भन्नाले पालिकाले गर्ने युवा समन्वय समिति गठन, सहभागी÷सदस्यहरूको चयन÷मनोनयनमा समावेशी सिद्धान्तको आधारमा कम्तीमा पचास प्रतिशत युवा महिलाको प्रतिनिधित्व हुने कुरालाई बुझ्नु पर्दछ ।

(ज) "युवा समूहहरू" भन्नाले युवाका क्षेत्रमा सक्रिय जस्तैः युवा क्लब, युवा सामाजिक सङ्घ संस्था, स्काउट, युवा तथा विधार्थी सँगठन, उद्यमी युवा, स्वयम्सेवक लगायत सङ्गठित युवाको समूहहरू भन्ने बुझ्नु पर्दछ ।

(छ) 'विषयगत समिति' भन्नाले पालिका कार्य विभाजन नियमावली बमोजिम पालिकामा गठन हुने विषयगत समितिहरूलाई बुझ्नु पर्दछ ।

(झ) 'विशेष प्राथमिकताको समूहका युवा' भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, मुस्लिम समुदायका र कर्णाली तथा पिछडिएको क्षेत्रका युवालाई बुझ्नु पर्दछ ।

(ञ) 'समन्वय समिति' भन्नाले दफा १४ बमोजिम गठन भएको युवा समन्वय समितिलाई बुझ्नु पर्दछ ।

(ट) 'सरोकारवाला निकाय' भन्नाले युवाका लागि सरोकार राख्ने जस्तैः सरकारी निकाय, विकास साझेदार, राजनीतिक दल, निजी क्षेत्र, सञ्चार क्षेत्र, सामुदायिक, सास्कृतिक तथा सामाजिक सङ्घसंस्था, धार्मिक सङ्घसंस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, शैक्षिक संस्था, समुदाय, परिवार आफन्त र युवा समूहहरू भन्ने बुझ्नु पर्छ ।

## परिच्छेद - २

## स्थानीय तहमा युवाको अवस्था पहिचान र सहकार्य सम्बन्धी व्यवस्था

**३. स्थानीय तहमा युवाको तथ्याङ्क अधावधिक गर्ने र दस्तावेजीकरण गर्ने** : (१) स्थानीय तहमा रहेका युवाको जनसङ्ख्या, लिङ्ग, जातजाति, भाषा, धर्म, शैक्षिक अवस्था, आर्थिक अवस्था, अपाङ्गता, पेशा व्यवसाय लगायतका विषयमा तथ्याङ्क राख्ने र अध्यावधिक गरिनेछ ।

(२) युवाका क्षेत्रमा सक्रिय समूहहरूको पहिचान गरी अभिलेख राख्ने (जस्तैः युवा क्लब, युवा सामाजिक सङ्घ संस्था, स्काउट, राजनीतिक दल, उद्यमी युवा, स्वयम्सेवक लगायत सङ्गठित युवाहरूको समूहहरू) र सहकार्यका लागि आह्वान गरिनेछ ।

(३) इच्छुक युवालाई विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा रुचिअनुसारको क्षेत्रमा संलग्न गराउन रोष्टर तयार गरी आवश्यकता अनुसार सहभागी गराइनेछ ।

(४) तथ्यांकको अद्यावधिक र दस्तावेजीकरणका लागि सफ्टवेयरको विकास तथा त्यसको व्यवस्थापन गरिनेछ ।

(५) कार्यपालिकाको विभिन्न विषयगत योजना निर्माण प्रक्रिया, कार्यान्वयन र अनुगमन कार्यमा युवालाई संलग्न, साझेदार र विज्ञ सल्लाहकारका रूपमा सहभागी गराइनेछ ।

**४. नीति निमार्ण तथा कार्यान्वयनमा युवाको सहभागिताः** (१) युवाको क्षमता विकास गरी आधारभूत शक्तिका रूपमा स्थापित गरी सबै तहका नीति निर्माण, योजना निर्माण, निर्णय एवं कार्यान्वयनमा युवाको सहभागिता गराइने छ ।

(२) योजना छनौट र निर्माण प्रक्रियामा प्रत्यक्ष रूपमा युवालाई संलग्न गराउन संस्थागत प्रणालीको विकास गरिनेछ ।

(३) युवालाई विभिन्न क्षेत्रमा स्वयम्सेवकीय अवसर प्रदान गरि नेतृत्वदायी भूमिकामा स्थापित गर्न र उदाहरणीय युवामैत्री स्थानीय सरकारको अवधारणालाई थप प्रभावकारी बनाईने छ ।

**५. युवामैत्री कार्यक्रमको तर्जुमाः** (१) स्थानीय तहमा युवामैत्री कार्यक्रम तर्जुमा, युवाका सवाल र सरोकारका विषयमा बहस, अन्तरकृया र पैरवीको लागि अनुकल वातावरण सृजना गरिनेछ ।

(२) स्थानीय तहको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा युवाको ज्ञान, सीप, धारणा र समयको प्रभावकारी सदुपयोग गर्ने व्यवस्था मिलाइनेछ ।

(३) समावेशी सिद्धान्त र सकारात्मक विभेदको माध्ययमबाट समाजमा पछाडि पारिएका महिला युवा, अपाङ्गता भएका युवा, दलित युवा लगायत प्राथमिकता र विशेष प्राथमिकताका समूहका युवाहरूलाई मूलप्रवाहीकरण गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

(४) विभिन्न उमेरसमूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले युवालाई दुई फरक उमेर समूहमा वर्गीकरण गरी (१६-२४ वर्ष, २५-४० वर्ष) लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**६. बिभिन्न संघ संस्थाहरूसँग सहकार्य तथा समन्वयः** (१) पालिका तथा छरिएर रहेका युवा युवाबिचको सहकार्य र समन्वयको क्षेत्रलाई सँगठित गरि प्रभावकारी बनाइनेछ ।

(२) स्थानीय तहमा युवाको बृहत्तर विकासमा कार्य गर्न चाहने स्थानीय सङ्घसंस्था, क्लब, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई समन्वय गरी सरल र सहज कार्य वातावरण सृजना गर्न ।

## परिच्छेद - ३

## योजना प्रकृयामा युवाको सहभागितासम्बन्धी व्यवस्था

**७. योजना तर्जुमा प्रकृयामा युवा सहभागिताः** (१) योजना छनौट तथा प्राथमिकीकरणको पहिलो चरण भनेको पालिकाका वडाअन्तर्गत रहेको बस्ती टोलहरूमा हुने भेलामार्फत बस्ती टोलस्तरका आयोजना तथा कार्यक्रम छनोट गर्ने भएकोले योजनाको बस्ती टोलस्तरमा हुने छलफलबाटै वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा प्रक्रियाका चरणहरूमा वडास्तरीय आयोजना कार्यक्रमहरूको

प्राथमिकीकरण गर्ने क्रममा नै युवाको सहभागितामा युवाका कार्यक्रम समेट्ने व्यवस्था मिलाइनेछ ।

(२) योजना छनौट प्रक्रियामा हुने छलफल, प्राथमिकीकरण र निर्णय निर्माणमा सँगठित वा असँगठित युवाको अर्थपूर्ण सहभागिता बढाउँदै लगिनेछ र आर्थिक-प्राविधिक रूपमा सम्भाव्य परियोजना छनौट गर्न तोकिए बमोजिमको प्रतिशतले युवाको समावेशी सहभागिता सुनिश्चित गरिनेछ ।

(३) योजना छनौटको अन्तरक्रियामा बृहत् युवा भेलाको आयोजना गरी युवा क्लब, युवा संजाल र पालिका युवा परिषद्का प्रतिनिधिको सहभागितामा युवाका सवालहरू पहिचान गर्ने र योजना बनाउने व्यवस्था मिलाइनेछ ।

(४) योजनाको प्राथमिकरण गर्दा युवाका रुचि अनुसारका र युवासँग प्रत्यक्ष सरोकार राख्ने विषयलाई सम्बोधन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

**८. उपभोक्ता समितिको गठनमा युवाको सहभागिताः** स्थानीय उपभोक्ता समिति गठन गर्दा तोकिए बमोजिमको प्रतिशतले युवाको प्रतिनिधित्व सुनिश्चित गरिने छ ।

**९. युवालाई विशेष अवशर प्रदान गर्नेः** (१) युवालाई सँगठित गर्ने, युवाको नेतृत्व विकास गर्ने र स्वयम्सेवाका क्षेत्रहरूको पहिचान गरि विविध क्षेत्रमा योगदान गर्ने गरी अवसर प्रदान गर्ने आवश्यक व्यवस्था मिलाइने छ ।

(२) योजना छनौट गर्दा पालिका भित्रका आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय विषयमा जनचेतना अभिवृद्धि तथा सशक्तीकरण गर्ने कार्यमा युवाको भूमिकालाई प्राथमिकता दिनुपर्ने ।

(३) कोभिड जस्ता अन्य महामारीको समयमा भेला गर्न असम्भव भएमा फोन सम्पर्कबाट, अनलाइन विधिको प्रयोग गरेर छलफल बैठकहरू आयोजना गर्ने वा सामाजिक सञ्जालमार्फत योजना सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ ।

**१०. वार्षिक बजेट विनियोजनसम्बन्धी व्यवस्थाः** पालिकाबाट वार्षिक रूपमा युवा लक्षित तोकिए बमोजिमको बजेट अनिवार्य विनियोजन गर्ने व्यवस्था मिलाइने छ ।

**११. योजना कार्यान्वयनमा युवा सहभागिता :** (१) पालिकाको योजना कार्यान्वयनमा सार्वजनिक सूचना सम्प्रेषकको भूमिका निर्वाह गर्ने गरी युवालाई महत्वपूर्ण साझेदारको रूपमा सक्रिय सहभागी गराईने छ ।

(२) पालिकाभित्रका विभिन्न विषय तथा क्षेत्रगत कार्यक्रमहरू साझेदारीमा सञ्चालनका लागि युवालाई आह्वान गरिनेछ ।

(३) युवासँगको साझेदारीमा सिपविकास, उद्यमशीलता र सुशासन प्रवद्र्धन, भ्रष्टाचार नियन्त्रण, सामाजिक विसङ्गति विरुद्धका अभियानमा पालिकाले सहकार्य गर्नेछ ।

(४) पालिकास्तरीय युवा परिषद्, युवा संजाल, वडाक्लबलाइ योजना कार्यान्वयनको प्रक्रियामा प्रत्यक्ष संलग्न गराउने ।

**१२. अनुगमन तथा सुपरीवेक्षणमा युवाको संलग्नताः** (१) पालिकाको योजना प्रभावकारिता अनुगमन, निगरानी र सामाजिक सुनुवाइ गराउने कार्यमा युवालाई प्रत्यक्ष संलग्न गराउनु पर्नेछ ।

(२) पालिकाले सञ्चालन गर्ने विकास आयोजनाहरूको अनुगमन तथा सुपरीवेक्षण कार्यमा युवाको विषयगत विज्ञता भएको आधारमा समन्वय समितिको सिफारिसमा सहभागिता सुनिश्चित गरिनेछ ।

(३) युवाबाट सञ्चालित आयोजनाको अनुगमन तथा सुपरीवेक्षणमा आवश्यकताअनुसार आयोजना कार्यान्वयन हुने वडाको वडास्तरीय अनुगमन समितिका प्रतिनिधिलाई सहभागी गराउनु पर्नेछ ।

(४) युवाका विषयमा र युवासँगको साझेदारीमा भएका कार्यक्रमहरूको नियमित अनुगमन, सुपरिवेक्षण र मुल्याङ्कन युवा समन्वय समितिले गरी पालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(५) योजना अनुगमन तथा सुपरिवेक्षणमा संलग्न उत्कृठ युवा तथा युवा कार्यक्रमलाई वार्षिकरूपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद - ४

## <u>युवा समन्वय समिति सम्बन्धी व्यवस्था</u>

**१३. युवा समन्वय समितिको गठन :** (१) युवाको योजना निर्माणमा सहभागिता र युवासँग सम्बन्धित कार्यक्रमको समन्वयका लागि पालिका अन्तर्गत देहायबमोजिमको एक युवा समन्वय समिति गठन गरिनेछ ।

(क) सामाजिक समितिको संयोजक -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) आर्थिक समितिको संयोजक वा निजले तोकेको समितिको महिला सदस्य -सदस्य

(घ) पालिका युवा परिषद्को उपाध्यक्ष - सदस्य

(ङ) पालिकामा कृयाशील युवा, युवा क्लब, युवा सामाजिक संघसंस्था मध्येबाट प्रमुखले तोकेका समावेशी आधारमा कम्तीमा चारदेखि बढीमा आठजना - सदस्य (५० प्रतिशत महिला अनिवार्य)

(च) पालिकाको युवा हेर्ने शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) मा भएको समितिको बैठकमा आमन्त्रीत सदस्यका रूपमा जिल्ला युवा समितिको अध्यक्ष, युवाको क्षेत्रमा विशेष योगदान पु¥याएका व्यक्तिहरूलाई समेत आवश्यकता अनुसार बोलाउन सकिनेछ ।

**१४. मनोनित सदस्यको योग्यता :** (१) देहायको योग्यता पुगेको व्यक्ति युवा समन्वय समितिको मनोनित सदस्यको लागि योग्य हुनेछः

(क) १६ देखि ४० वर्षसम्मको युवा ।

(ख) आधारभूत शिक्षा पूरा गरेको ।

(ग) युवासँग सम्बन्धित आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, स्वयमसेवा वा उसले प्रतिनिधित्व गर्ने क्षेत्र कृषि, उद्‍यम, खेलकुद जस्ता क्षेत्रमा कम्तीमा दुई वर्षको कार्यानुभव भएको ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग नलागेको वा लागेको भए सफाइ पाएको तीन वर्ष पूरा भएको ।

(ङ) सरकारी सम्पत्ति हिनामिना नगरेको ।

**१५. युवा समन्वय समितिका पदाधिकारी तथा सदस्यको पदावधि :** (१) पदेन सदस्य बाहेक समितिका अन्य सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(२) पदेन सदस्य बाहेक अन्य सदस्यहरू बढिमा थप एक कार्यकालका लागि पुनः मनोनयन गर्न सकिनेछ ।

**१६. मनोनित सदस्यको पद रिक्त हुने :** (१) देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ :

(क) पदबाट राजीनामा दिएमा ।

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग प्रमाणित भएमा ।

(ग) पदीय आचरण विपरीत काम गरेमा ।

(घ) मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम पदबाट हटाउने कारबाही गर्नु अघि निजलाई सफाइ पेश गर्ने मौका दिइनेछ ।

(३) समन्वय समितिको कुनै पनि पद रिक्त भएमा बाँकी अवधिको लागि क्षेत्रगत प्रतिनिधित्व कायम राखी नियुक्ति गर्न सकिने छ ।

**१७. युवा समन्वय समितिको काम, कर्तव्य र अधिकार :** (१) युवा समन्वय समितिको काम कर्तव्य र अधिकार अन्यथा व्यवस्था भएकोमा बाहेक देहाय बमोजिम हुनेछः

(क) पालिकामा रहेका युवाको दस्तावेजीकरण अद्यावधिक, उनीहरूको रुचीको क्षेत्र पहिचान सहित योग्य र सक्षम युवाको छनौट गर्न पालिकालाई सहयोग गर्ने ।

(ख) पालिका क्षेत्रभित्र युवासम्बन्धी आयोजना सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।

(ग) पालिकाको वार्षिक योजना तर्जुमा प्रकृयामा युवाको सहभागिताका लागि समन्वय गर्ने ।

(घ) पालिकाको योजनाचक्रमा युवाको सहभागिता व्यापक अभिवृद्धि गर्न वडा युवा क्लब, पालिकास्तरीय युवा सञ्जाल, पालिका युवा परिषद र अन्य सरोकारवालासँग नियमित समन्वय र सहकार्य गर्ने ।

(ङ) युवाको प्रतिनिधित्वको समीक्षाका साथै कार्यक्रमहरूको अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(च) युवाले सञ्चालन गरेका आयोजना वा कृयाकलापसम्बन्धी अभिलेखलाई दुरुस्त राख्ने ।

(छ) युवाका क्षेत्रमा कामगर्ने युवा, संघसंस्था, निजीक्षेत्र लगायत अन्य समिति तथा विभागहरू समन्वय गरी युवाका विषयलाई मुलप्रवाहीकरण गर्ने ।

(ज) युवाको क्षमता अभिवृद्धि तथा स्वयमसेवाका क्षेत्रहरूको पहिचान गरि आवश्यक कार्यक्रमकोलागि पालिकालाइ सिफारिस गर्ने ।

(झ) युवा नेतृत्वका विषयलाई विद्यालयका पाठ्यक्रममा समेत समावेश गर्न पहल गर्ने । बिद्यालयस्तरमै युवाक्लब गठन र उनीहरूको सहभागितालाइ अभिवृद्धि गरी सवल युवा र सक्षम नागरिक बनाउन भूमिका निर्वाह गर्ने ।

(ञ) यो निर्देशिका बमोजिम काम भए नभएको बारेमा अनुगमन मुल्याङ्कन गरि सो को प्रतिवेदन तोकिएको ढाँचामा तयार पारि पालिकामा पेश गर्ने ।

(ट) पालिकाले तोकेका युवा समन्वयसम्बन्धी अन्य कार्य गर्ने ।

(२) उपदफा (१) मा तोकिएको काम कतव्र्य र अधिकारका अतिरिक्त पालिकाले आवश्यकता अनुसार युवा परिचालनको आवश्यकता देखेमा युवा समन्वय समितिसँगको परामर्शमा कार्यपालिकाबाट निर्णय गराई थप जिम्मेवारी तोक्न बाधा पु¥याएको मानिनै छैन ।

**१८. समन्वय समितिको बैठकसम्बन्धी व्यवस्था :** (१) समितिको बैठक दुई महिनामा एक पटक बस्नेछ, आवश्यकता अनुसार थप बैठक बस्न सकिनेछ ।

(२) बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(३) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितीमा उपस्थित मध्ये जेष्ठसदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**१९. समन्वय समितिका पदाधिकारी एवम सदस्यहरूको आचारसंहिता सम्बन्धी व्यवस्स्थाः**

युवा समन्वय समितिका पदाधिकारी तथा सदस्यहरूले समितिका निर्णय र काम कारबाहीहरूलाई पारदर्शी र विश्वासिलो बनाउन समिति आफैले आचार संहिताहरू बनाइ पालना गर्न सक्नेछ ।

## परिच्छेद - ५

## योजना तर्जुमामा सरोकारवालाहरू, समन्वय तथा सहकार्य सम्बन्धी व्यवस्था

**२०. स्थानीय योजना निर्माण प्रक्रियामा युवा सहभागितासम्बन्धी सरोकारवालाहरूः** (१) देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई स्थानीय योजना तर्जुमा प्रक्रियामा युवा सहभागितासम्बन्धी सरोकारवालाको रूपमा पहिचान गरिनेछः

(क) स्थानीय सरकार (शिक्षा, युवा र खेलकुद शाखा)

(ख) स्थानीयस्तरका विभिन्न राजनीतिक दल र भातृ सँगठनहरू

(ग) स्थानीयस्तरमा काम गर्ने विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकास साझेदार

(घ) स्थानीयस्तरमा सञ्चालन भएका सञ्चार माध्यम

(ङ) विभिन्न पेशा व्यवसायमा संलग्न युवा (उद्यमी, अनुसन्धानकर्ता, विद्वत वर्ग)

(च) विभिन्न विषयगत समूह (स्थानीय व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, बजार व्यवस्थापन समिति, फोहोर व्यवस्थापन समिति, वातावरण, टोल विकास समिति, उपभोक्ता समितिहरू-वन, खानेपानी, विद्युत) महिला÷आमा समूह, सहकारी र धार्मिक समुदाय)

(छ) युवा समूहहरू

**२१. स्थानीय योजना निर्माण प्रक्रियामा युवा सहभागितासम्बन्धी सरोकारवालाहरूको भूमिका :** (१) यस दफा बमोजिम स्थानीय पालिका तहको भूमिका देहाय बमोजिम हुनेछः

(क) पालिकाको नीति निर्माण प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(ख) पालिका स्तरीय युवा परिषद्, पालिका स्तरीय युवा संजाल गठन गर्ने र प्रत्येक वडामा वडा युवा क्लब गठन गरि युवाका लागि नेतृत्व विकास र स्वयमसेवाका अवसरहरू सृजना गर्ने ।

(ग) पालिकाको शिक्षा, युवा र खेलकुद शाखाले विभागका कार्यसँग समाहित गर्दै थप कार्यक्रमका लागि प्रत्येक आर्थिक वर्षमा आन्तरिक, बाहय र ससर्त बजेटका लागि पहलकदमी लिने ।

(घ) पालिकाको योजना निर्माण प्रक्रियामा युवाको सहभागिता, सहकार्य र नेतृत्व विकास गर्ने र निर्देशिका लागु गर्ने ।

(ङ) नमूना युवामैत्री पालिकाका रूपमा स्थापित हुन आवश्यकता बमोजिम राष्ट्रिय युवा परिषद्सँग समन्वय गर्ने ।

(२) स्थानीय तहका राजनीतिक दलको भूमिका तथा जिम्मेवारीहरू देहाय बमोजिम तोकिएको छः

(क) युवाको नेतृत्व विकास गर्ने कार्यमा अग्रसरता लिने ।

(ख) स्थानीय तहको योजना निर्माण प्रक्रियामा युवाको सहभागिता सुनिश्चित गराउने ।

(ग) स्थानीय स्तरमा हुने सर्वदलीय छलफलमा युवा नेतृत्वलाई सहभागिताको अवसर दिने ।

(घ) स्थानीय तहका संयन्त्रमा युवाको निर्णय प्रक्रियामा सहभागिता बढाउने ।

(ङ) दलको घोषणापत्रमा उल्लेखित युवाको समग्र विकासका योजनाहरूलाई कार्यान्वयन गर्ने ।

(च) दलले युवालाई आफ्नो कार्यकर्ताकारूपमा मात्र भन्दा सक्षम, सवल र विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने योग्य युवा तयार पार्ने ।

(छ) दलको आवद्धताभन्दा रुचि र योगदानका आधारमा निरपेक्ष दृष्टिकोणले परिचालन गर्ने ।

<u>(३) स्थानीय तहमा कार्यरत विकाश साझेदारहरूको भूमिका तथा जिम्मेवारीहरू देहाय बमोजिम तोकिएको छः</u>

(क) स्थानीय स्तरमा काम गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्र, अन्तरदेशीय निकाय, संयुक्त राष्ट्रसंघ लगायतका विकास साझेदारले युवाको नेतृत्व विकास हुने कार्यक्रममा विकास तथा लगानी गर्ने ।

(ख) स्थानीय तहसँंगको समन्वय र सहकार्यमा कार्यक्रम तय गर्ने ।

(ग) स्थानीय सरकारले प्राथमिकीकरण गरेका युवाका क्षेत्रहरूलाई आधार बनाई कार्ययोजना बनाउने ।

(घ) युवासम्बन्धी कार्यक्रममा नेतृत्व विकासको क्षेत्रलाई समेट्ने ।

<u>(४) स्थानीय तहमा रहेका निजी क्षेत्रको भूमिका तथा जिम्मेवारीहरू देहाय बमोजिम तोकिएको छः</u>

(क) निजी क्षेत्रले सामाजिक उत्तरदायित्व अन्तरगत युवा लक्षित कार्यक्रम समन्वय समितिकै मातहतमा रहने गरी सञ्चालन गर्ने ।

(ख) निजी क्षेत्रको नेतृत्वमा हुने कार्यक्रमहरूमा युवावर्गको सहयोग लिने र तिनलाई उत्प्रेरित गर्ने ।

(ग) युवासँग प्रत्यक्ष जोडिएको वित्तिय कारोबार जस्तैः उद्यमशीलताका लागि सहुलियतपूर्ण कर्जा लगागतका विषयमा युवावर्ग लाभान्वित हुने गरि संरचनागत र कार्यप्रकृयामा सुधार गर्ने । जसकालागि युवा, वित्तीय संस्था र स्थानीय तहबिचको त्रिपक्षीय प्रतिनिधित्वका आधारमा योजनाको प्रभावकारी कार्यान्वयन गर्ने ।

<u>(५) स्थानीय तहमा कार्यरत सामाजिक संघ संस्थाको भूमिका तथा जिम्मेवारीहरू देहाय बमोजिम तोकिएको छः</u>

(क) सामाजिक संघसंस्थाका सञ्जालमा युवाको नेतृत्व र मुद्दालाई प्राथमिकता दिने ।

(ख) युवामा सदाचार प्रर्वधन गर्ने, नेतृत्व विकास गर्ने खालका कार्यक्रम तय गर्ने ।

(ग) युवाको नेतृत्व विकासका लागि उनीहरूको सीप तथा क्षमता अभिवृद्धि हुने कार्यक्रमहरू लागु गर्ने ।

(घ) पालिकाहरूसँगको समन्वयमा युवालक्षित कार्यक्रम कार्यान्वयन गर्ने ।

<u>(६) स्थानीय तहमा काम गर्ने सञ्चार क्षेत्रको भूमिका तथा जिम्मेवारीहरू देहाय बमोजिम तोकिएको छः</u>

क) युवाको सहभागिताका विषयमा सञ्चार माध्यममा प्राथमिकताका साथ उठाउने ।

(ख) युवाले गरेका सकारात्मक कार्यहरूको प्रसार प्रसार गर्ने ।

(ग) युवालाई नैतिक शिक्षा हुने खालका कार्यक्रमहरूको प्रकाशन तथा प्रसारणमा जोड दिने ।

(घ) युवाको नेतृत्वमा भएका सफलताका कथालाई प्राथमिकता दिने ।

**२२. समन्वय र सहकार्य :** (१) युवाको सहभागिता अभिवृद्धिका लागि सङ्घीयस्तरमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय योजना आयोग र विभिन्न विषयगत मन्त्रालय, साथै राष्ट्रिय युवा परिषद् र मातहतका समितिहरू त्यसैगरी प्रदेश सरकार (युवा मामला मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र अन्य विषयगत मन्त्रालयहरूबाट हुने युवासम्बन्धी संघ तथा प्रदेशका नीति तथा कार्यक्रम र बजेटका लागि उचित समन्वय र सहकार्य गरिनेछ ।

(२) योजना निर्माण प्रक्रियामा युवा सहभागिता सुनिश्चित गर्न स्थानीय तहबाट युवाको विकासका लागि गरिएका प्रयासमा साझेदारी बढाइ स्थानीय तहमा युवा संयन्त्रको विकास गरिनेछ ।

(३) युवाको समग्र विकास गरी नेतृत्व स्थापित गर्न र स्वयम्सेवाका अवसरहरू सृजना गर्न राजनीतिक दलका युवा सङ्घ–सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र विकास साझेदारबाट साझारूपमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) युवा विकासमा कार्यरत सङ्घ संस्था, सञ्जाल, युवा क्लब, रेडक्रस, स्काउट, निजी क्षेत्रका युवा, उद्यमी संस्थाहरूको साझेदारीमा सहकार्य गरी यो निर्देशिका कार्यान्वयन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

## परिच्छेद - ६

## विविध

**२३. सहयोग गर्नुपर्नेः** यस निर्देशिका बमोजिम युवा सहभागिता बढाउनको लागि आवश्यक सहयोग गर्नु सम्बधित सबैको कर्तव्य हुनेछ ।

**२४. व्याख्या गर्ने अधिकारः** यस निर्देशिकामा भएका कुनै पनि व्यवस्था अस्पष्ट भएमा सोको अन्तिम व्याख्या पालिकाको कार्यपालिकाले गर्नेछ ।

**२५. बाधा अड्काउ फुकाउन सक्नेः** यो निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२६. निर्देशिका संसोधन गर्न सक्नेः** पालिकाको आवश्यकता अनुसार पालिका आफैँले यो निर्देशिका संशोधन गर्न सक्नेछ ।

अनुसुची - १

(दफा ३ को उपदफा १ सँग सम्बन्धित )

## पालिकामा युवाको तथ्याङ्क दस्तावेजीकरण गर्ने र अद्यावधिक गर्ने फारामको ढाँचा

| |
|---|
| **परिचयात्मक खण्ड** |
| पालिका: वडा न.: |
| घरमुलीको पूरा नाम : जातजाति: |
| परिवार संख्या : महिलाः |
| पुरुष : अन्य: |
| अपाङ्गता भएका व्यक्ति : |
| **व्यक्तिगत खण्ड** |
| १६ देखि ४० वर्षको उमेर समूहका लागि |
| १) उमेरः २) लिङ्ग: म/पु/ अ |
| ३) वैवाहिक अवस्था: विवाहित/ अविवाहित/ एकल ४) अपाङ्गताको अवस्था: |
| ५) शैक्षिक अवस्था: ६) पेशा व्यवसायः |
| ७) आबद्धता : |
| **शैक्षिक अवस्था** |
| शैक्षिक संस्थामा पढ्नलेख्न गएको कहिल्यै विद्यालय/विश्वविद्यालय नगएको  |

हाल पढ्न ⁄ लेख्न गइरहेको विद्यालय ⁄ विश्वविद्यालय :

**शैक्षिक स्तर**

क) साक्षरता ⁄ अनौपचारिक शिक्षा □ ख) माध्यमिक तह ⁄ आधारभुत शिक्षा □

ग) प्रवीणता तह □ घ) स्नातक तह □ ङ) स्नातकोत्तर तह □ च) विद्यावारिधि □

अध्ययन गरेको क्षेत्र

मानविकी तथा सामाजिक शिक्षा □ व्यवस्थापन □

शिक्षा □ विज्ञान तथा प्रविधि □

स्वास्थ्य ⁄ चिकित्साशास्त्र □ इन्जिनियरिङ □

कानुन □ कृषि □

वन □ पशुविज्ञान ⁄ पशुचिकित्सा र मत्स्यपालन □

कम्प्युटर ⁄ सूचना विज्ञान □ अन्य □ थाहा छैन □

**पेशा ⁄ व्यवसाय**

घरेलु □ उद्योग □ व्यवसाय

सेवा □ कृषि □ वैदेशिक रोजगार □

पूर्ण रोजगार □ अर्धरोजगार □ पूर्ण बेरोजगार □

सीप ⁄ तालिम सीप वा तालिम प्राप्त निकाय

मासिक आम्दानी वार्षिक आम्दानी

सम्पत्तिको विवरण

**अपाङ्गताको अवस्था**

(१) अपाङ्गता भएको  (२) अपाङ्गता नभएको 

भएको अवस्थामा

क) शारीरिक अपाङ्गता  ख) बहिरा  ग) सुस्तश्रवण 

घ) पूर्ण दृष्टिबिहिन  ङ) न्यून दृष्टियुक्त च) स्वर तथा बोलाइसम्बन्धी 

छ) श्रवण दृष्टिबिहिन  ज) अनुवंशीय रक्तश्राव (हेमोफेलिया) 

झ) अटिजम  ञ) बौद्धिक अपाङ्गता 

ट) मनोसामाजिक अपाङ्गता  ठ) बहुअपाङ्गता 

विज्ञताको क्षेत्र :

रुचिको क्षेत्र :

# अनुसुची - २

## (दफा ३ को उपदफा ३ सँग सम्बन्धित )

**<u>इच्छुक युवालाई विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा रुचिअनुरूप संलग्न हुने फारामको ढाँचा</u>**

| हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

श्री................................

.............पालिकाको कार्यालय

मितिः

...............................................।

विषयः पालिकामा स्वयम्सेवकका रूपमा सहभागी हुन पाऊँ ।

महोदय,

म विगत ....वर्षदेखि...................विषयमा काम गर्दै आइरहेको छु । यस पालिकामा सोही बमोजिमका योजना र कार्यक्रमको सुरुवात गरिएकोले मेरो शैक्षिक योग्यता, कार्यअनुभवका आधारमा पालिकामा...........................कार्यका लागि स्वयम्सेवा गर्न इच्छुक रहकोले यो निवेदन पेश गरेको छु ।

१. नाम थरः

२. ठेगाना :

(क) स्थायी ठेगाना, पालिका ................................वडा न.:......... ....टोल.......................

(ख) अस्थायी ठेगाना, पालिका ...............................वडा न.:......... ....टोल.......................

सम्पर्क नम्वर ................................................

इमेल.........................................................

३. लिङ्ग..............................

४. जन्म मिति (विक्रम सम्वत) :

५. उमेर :

६. वैवाहिक स्थिति : विवाहित÷अविवाहित :

७. विवाहित भए पति ⁄पत्नीको नाम :

८. धर्म :

९. नेपाली नागरिकताको प्रमाणपत्रको नम्बर, जारी भएको मिति र जिल्ला :

१०. बाबुको नाम :

११. आमाको नाम :

१२. शैक्षिक योग्यता :

१३. अपाङ्गता भएमा सो को विवरण :

१४. पालिकामा सेवा गर्न चाहेको क्षेत्र विज्ञता र रुचिको विषय :

१५. सेवा गर्न चाहेको समयावधि :

सम्बन्धित विषयमा कुनै तालिम लिएको भए : १.

२.

३.

सेवा गर्न चाहेको विषयको अनुभव भएमा

...............देखि .......................सम्म ............................पद..........................कार्यालय ।

...............देखि .......................सम्म ............................पद..........................कार्यालय ।

...............देखि .......................सम्म ............................पद..........................कार्यालय ।

(यो निवेदनसँगै नागरिकताको प्रतिलिपी, शैक्षिक प्रमाणपत्रको प्रतिलिपी र तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।)

आवेदकको नाम, थर :

दस्तखत :

मिति :

## अनुसुची - ३

## (दफा ९ को उपदफा १ र दफा १७ को उपदफा १ को (ज) सँग सम्बन्धित

## युवाको नेतृत्व विकास र स्वयम्सेवाका क्षेत्रहरू)

**१. नेतृत्व विकासका क्षेत्रहरूः**

(१) यो निर्देशिकाले सार्वजनिक नीति निर्माण, योजना निर्माण, निर्णय प्रक्रिया, कार्यान्वयन र अनुगमनमा युवा सहभागिता बढाउने र युवाको नेतृत्वमा सामाजिक, आर्थिक रूपान्तरण र वातावरणीय समस्या हल गरी राष्ट्र निर्माणमा युवा स्वयम्सेवालाई आम संस्कृतिका रूपमा विकास गर्न र युवालाई योजना निर्माण प्रक्रियाको े नेतृत्वमा पु¥याउन निम्न क्षेत्रमा युवाको क्षमता विकास गर्न आवश्यक छ ।

(क) युवा नेतृत्व विकासका लागि युवाको रुची, ज्ञान, सीप र धारणाको े आधारमा राष्ट्रनिर्माणमा संलग्न हुन उत्प्रेरणा जगाइ काम गर्ने अवसर सृजना गर्ने ।

(ख) युवा विकास तथा तालिमः युवा माझ छलफल, गोष्ठी, अध्ययन, अनुसन्धान, नेतृत्व तालिम र क्षमता अभिवृद्धि, सांस्कृतिक आदान-प्रदान र सहकार्यको संस्कृति बनाउन स्थानीय तहमा युवा विकास स्रोत केन्द्र निर्माण गर्ने ।

(ग) राजनीतिक युवा, नागरिक सङ्घ संस्था, सञ्जाल, उद्यमशील युवा, महिलालगायत विशेष प्राथमिकता समूहका विभिन्न प्रतिभावान युवा छनौट गरी नेतृत्व विकासका लागि विशिष्टिकृत तालिम सञ्चालन गर्ने ।

(घ) युवा नेतृत्व प्रतिष्ठान (थ्यगतज ीभबमभचकजष्उ ब्अबमझथ) स्थापना गरी नियमितरूपमा युवा नेतृत्व तयार पार्ने ।

(ङ) युवाको नेतृत्व विकास र क्षमता अभिवृद्धिका लागि प्रादेशिक, संघीय, अन्तरदेशीय, दक्षिण एशियाली र अन्तर्राष्ट्रिय तालिम, गोष्ठी तथा युवा लक्षित कार्यक्रम र शिविरहरूमा युवालाई सहभागी गराउने ।

(च) युवा प्रतिभाको खोजी गरी प्रोत्साहन गर्ने तथा उनीहरूको प्रतिभा प्रष्फुटनमा मद्दत पु¥याउने ।

**(२) नवप्रवर्तन, सीप विकास र उद्यमशीलता प्रवद्र्धन**

(क) युवाका नवीनतम विचारलाई संकलन र मूल्याङ्कन गरी उत्कृष्ट विचारलाई इन्क्युवेट गर्ने ।

(ख) युवालाईं सहकारी लगायत विभिन्न सामाजिक आर्थिक समूहमा आबद्ध गराई उत्पादनका क्षेत्रमा सरिक गराउने र अगुवा उद्यमी युवा ९एण्यलभभच थ्यगतज भ्लतचभउचभलभगच० निर्माण गर्ने ।

(ग) युवाको सीपलाइ रोजगारि र बजारसँग जोड्ने । उद्यमशिलता प्रर्वद्धनमा भइरहेका कार्यक्रममा सरकारी आर्थिक सहायता, प्रविधीको उपलब्धता र सहुलियतपूर्ण कर्जा सहयोग लगायतका विषयमा पालिकाले वित्तिय संस्था र युवा विचमा सहजीकरण गरि कार्यान्वयनलाई जोड दिने ।

(घ) युवा सूचना केन्द्रको क्षमता अभिवृद्धि गरी सोमार्फत् युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले स्थानीय तहसम्म विस्तार गर्ने ।

(ङ) विदेशमा रहेका प्रतिभावान युवाको सीप, क्षमता र प्रतिभालाई प्रोत्साहन र सम्मान गर्दै स्वदेशको हितमा सदुपयोग गर्ने ।

**(३) युवा क्लव र सञ्जाल गठन तथा परिचालन**

(क) छरिएर रहेका युवालाई सँगठित गर्ने । प्रत्येक वडामा वडास्तरीय युवा क्लब गठन गर्ने र पालिकामा सबै क्षेत्रका युवा र वडा युवाक्लबबाट प्रतिनिधीत्वहुनेगरि युवा सञ्जाल निर्माण गर्ने । पालिकाको प्राथमिकताको क्षेत्रमा युवा संस्था तथा सञ्जालहरूसँग सहकार्य गर्ने ।

(ख) बढ्दो शहरीकरण र अव्यवस्थित बसोबासलाईं व्यवस्थापन गर्न र सबै प्रकारका जोखिमबाट सुरक्षित रहन युवा समूहलाईं जागरुक गराउने ।

(ग) युवा निरक्षरता उन्मूलन, वातावरण संरक्षण, ग्रामीण स्वास्थ्य स्वयंसेवा, सीप विकास र उद्यमशीलताका लागि युवा सञ्जालहरूलाईं सहयोग उपलब्ध गराइ परिचालन गर्ने ।

(घ) सार्वजनिक सेवा प्रवाह, नीतिनिर्माण, विकास निर्माण र सामाजिक, आर्थिक रूपान्तरणमा युवा सहभागिता सुनिश्चित गरी युवालाई महत्वपूर्ण जिम्मेवारी प्रदान गर्ने ।

(ङ) प्रादेशिक, राष्ट्रिय÷अन्तर्राष्ट्रिय सेवा र अवसरहरूमा युवाको सहभागिता सुनिश्चित गर्ने ।

(च) महिला, दलित, मधेशी, मुस्लिम, अपाङ्ग, आदिवासी जनजाति,पिछडिएको क्षेत्रका, अल्पसङ्ख्यक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक युवाको समावेशिता महत्वपूर्ण स्थानमा सुनिश्चित भए नभएको थाहा पाउन समावेशिता परीक्षण ९क्ष्लअगिकष्यल ब्गमष्त० कार्यक्रमहरू सञ्चालन गर्ने ।

**(४) युवा हक अधिकारको सुनिश्चिता**

(क) सामाजिक र नागरिक अधिकार र दायित्वसम्बन्धी चेतना अभिवृद्धि गर्न युवा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ख) विद्यालय, विश्वविद्यालय र युवा क्लबमार्फत युवा नेतृत्व, युवाको नीति निर्माण तहमा नेतृत्वको महत्व, युवा समावेशी अधिकार, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, गुणस्तरीय शिक्षाको अधिकार, रोजगारिको अधिकार, युवाको भूमि तथा प्राकृतिक स्रोत साधनमाथिको अधिकार, युवाको खाद्य अधिकार, युवाको आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक अधिकार तथा वातावरणीय अधिकारका बिषयमा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ग) जिम्मेवार युवा नागरिक तयार गरी लोकतन्त्र, मानवअधिकार र शुशासन प्रवर्धन गर्न युवाको समाजप्रतिको,परिवारप्रतिको, वातावरणप्रतिको र समग्र राष्ट्रप्रतिको दायित्वसँग सम्बन्धित उत्प्रेरणामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

**(५) युवा सहकार्य**

(क) मानव अधिकार, प्रजातन्त्र, सुशासन, वातावरण संरक्षण, युवा विकास र अधिकारका लागि अन्तर्राष्ट्रिय सङ्घ संस्था, गैरआवासीय नेपाली युवा, दातृनिकाय तथा विभिन्न प्रदेश तथा देशका युवाबिच सहकार्य बढाउने । युवा भगिनी पालिकारमितेरी पालिका कार्यक्रम सञ्चालन गर्ने ।

(ख) सामाजिक सांस्कृतिक सम्मीलनका लागि विविध जाति, धर्म, सम्प्रदाय, लिङ्ग, क्षेत्रका युवाबिच सह-अस्तित्व, सहकार्य र सद्भाव विकास गर्न अन्तर सांस्कृतिक युवा सम्मेलन÷महोत्सव गर्ने ।

(ग) पुरानो पुस्ताको अनुभव र नयाँपुस्ताको उर्जाको समिश्रण गरी दुवै पुस्ताबिचमा सहकार्य ९क्ष्लतभच(नभलभचबतष्यलब ाउबचतलभचकजष्उ० गरी समृद्धिका लागि पुस्तान्तरण र रूपान्तरण कार्यक्रमहरू सञ्चालन गर्ने ।

**(६) आमसञ्चार र युवा**

(क) स्थानीय, प्रादेशिक, राष्ट्रिय÷अन्तर्राष्ट्रिय ज्ञान, अवसर तथा प्रविधिका विषयमा युवालाई सुसूचित गराउन एवम् सामाजिक, विकृति र विसंगति, हिंसा, अपराध, बेचबिखन तथा दुव्र्यसनका विषयमा युवालाई सचेत गराउन रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने, बुलेटिन, खबरपत्रिकाहरू प्रकाशन गर्ने ।

(ख) सूचना सम्पे्रषणका लागि युवाको नेतृत्वमा स्थानीय सूचना केन्द्रबाट सेवा प्रवाह गर्नुका साथै छुट्टै अनलाइन खबरपत्रिका, वेवसाइटहरू सञ्चालन गर्ने ।

**(७) सामाजिक समावेशिता**

(क) स्थानीय तहले गर्ने कार्यक्रममा लक्षित समूहको रूपमा, साझेदारको रूपमा र नेतृत्वका रूपमा विशेष प्राथमिकता भएका समूहहरू जस्तै अपाङ्गता भएका युवा, जोखिममा रहेका युवा, द्वन्द्वप्रभावित युवा, अल्पसंख्यक र सीमान्तकृत युवा, दलित मुस्लिम समुदाय र कर्णाली तथा पिछडिएको क्षेत्रका युवाको सहभागिता सुनिश्चित गर्ने ।

(ख) युवाभित्रको सामाजिक समावेशिता अभिवृद्धिका लागि स्थानीय भाषामा सूचना प्रकाशन, ब्रेललिपी, दोभाषेको व्यवस्था, अपाङ्गमैत्री सामाजिक संरचना, लैङ्गिक संवेदनशील भाषा र संरचनाको व्यवस्था गर्ने ।

(ग) प्राथमिकता र विशेष प्राथमिकतामा रहेका युवाको सशक्तिकरण र अभिमुखीकरण, आवश्यकता अनुसारको सीपमूलक र व्यवसायिक शिक्षा, स्वास्थ उपचार सेवा र रोजगारी लगायतका विषयमा विशेष ध्यान दिने ।

**<u>२. युवा स्वयमसेवाका क्षेत्रहरू :</u>**

**(१) मानवीय कार्यमा युवा <u>स्वयमसेवा</u>** (क) शैक्षिक बेरोजगार युवालाई लक्षित गरी विभिन्न क्षेत्रमा स्वयम्सेवक परिचालन गर्ने र यसलाई वृद्धि गर्दै लैजाने । यस्ता स्वयम्सेवक, शिक्षा, सामाजिक चेतना, ग्रामीण स्वास्थ्य, वातावरण, सूचना केन्द्र, कृषि तथा सेवा क्षेत्रहरूमा परिचालन गर्ने ।

(ख) रक्तदान, सरसफाइ जस्ता स्वयम्सेवी कार्यक्रमहरू आयोजना गर्ने । यस्ता कार्यक्रम युवा क्लबहरू मार्फत अघि बढाउने ।

(ग) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय स्वयम्सेवा दल, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटी, विद्यार्थी, राजनीतिक सङ्गठन, क्लब तथा युवा सङ्घसंस्थाहरूको समन्वयमा आपतकालीन स्वयम्सेवा प्रशिक्षण दिने तथा तिनलाई परिचयपत्र प्रदान गरी समाजसेवाका विभिन्न क्षेत्र जस्तै भूकम्प र प्राकृतिक विपत्ति, महामारी, दुर्घटना, खाद्य संकट र भोकमरी, डढेलो, द्वन्द्व तथा बाढीपहिरो जस्ता विपतहरूमा परिचालन गर्ने ।

**(२) वन तथा वातावरण संरक्षण र पर्यटन प्रवद्र्धनमा युवा संलग्नता**

(क) युथ ग्रीन क्लब निर्माण गरी वातावरण सचेतना र संरक्षण, सरसफाइ, वृक्षारोपण लगायतका कार्यक्रम सञ्चालन गर्ने ।

(ख) पालिकामा रहेका हैसियत बिग्रेका वन, उपयोगहिन खाली जग्गा रहेको वन क्षेत्र, सडक, बाटो र खोलाका किनार, विद्यालय र सार्वजनिक स्थलमा वृक्षारोपण तथा वन संरक्षणमा युवा परिचालन गर्ने ।

(ग) पर्यटन विकासका लागि होमस्टे, नयाँ पदयात्रा गन्तव्य र साहसिक पर्यटनको सम्भावनाको खोजी, सांस्कृतिक सम्पदा संरक्षण, नयाँ पर्यटकीय स्थलको प्रवद्र्धन गर्न युवाको नेतृत्व र सहभागितामा विभिन्न महोत्सव र कार्यक्रमहरू आयोजना गर्ने ।

**(३) स्वयम्सेवालाई विकासको आधारशीलाको रूपमा स्थापित गर्ने ।**

(क) स्वयम्सेवा गरेका युवालाई रोजगारीका अवसर, निर्वाह भत्ता, पदोन्नति र अन्य सेवाका लागि सकारात्मक मूल्याङ्कन गर्ने । युवा स्वयं्सेवक समूह गठन गरी विपत् तथा आपतकालीन

अवस्थामा परिचालन गर्न युवा स्वयंसेवकहरू तयार गर्ने । स्वयम्सेवाको अनुभव भएका युवालाई विशेष प्राथमिकतामा राख्ने ।

(ख) प्रत्येक वर्ष डिसेम्बर ५ मा मनाइने अन्तर्राष्ट्रिय स्वयम्सेवक दिवसका अवसरमा पालिकाभित्र विभिन्न क्षेत्रमा स्वयम् सेवागर्नेहरू मध्येबाट फरक विधाका कम्तीमा पाँच जना स्वयम्सेवकलाई प्रत्येक वर्ष सम्मान गर्ने ।

**<u>३. सामाजिक विकृति विसङ्गति विरुद्ध युवा अभियान :</u>**

(१) सुशासन प्रवद्र्धन, भ्रष्टाचार नियन्त्रणमा युवाको नेतृत्वमा नीतिगत बहस सञ्चालन गर्ने ।

(२) योजना कार्यान्वयनको प्रभावकारिता अनुगमन र निगरानीमा युवाको सक्रिय सहभागिता बढाउने ।

(३) स्थानीयस्तरमा विद्यमान महिला हिंसा, जातीय विभेद तथा छुवाछूत, बोक्सी, छाउपडी, दाइजो प्रथा, बाल विवाह, बहुविवाह लगायतका सामाजिक विकृति विसङ्गति विरुद्ध अभियानहरू सञ्चालन गर्न स्थानीय युवा क्लब, युवा सञ्जाल तथा युवा सम्मिलित निजी क्षेत्रलाई उत्प्रेरित र प्रोत्साहित गर्ने ।

(४) लागुपदार्थ दुव्र्यसनी, कुलत, एचआईभी संक्रमण, आप्रवासन, मनोसामाजिक समस्या लगायतका विषयमा अगुवा भई सचेतना सञ्चालन गर्ने ।

(५) साइबर क्राइम तथा आधुनिक प्रविधिको दुरुपयोगसम्बन्धी सचेतना अभियान सञ्चालन गर्ने ।

(६) महिला हिंसा, मानव बेचबिखन, लागुपदार्थ ओसार पसार तथा विभिन्न सामाजिक विकृतिहरू नियन्त्रण गर्न प्रहरी तथा युवाको सामुदायिक प्रहरी सेल स्थापना गरी परिचालन गर्ने ।

(७) छोरी-बुहारी बचाऔँ, पढाऔँ, बालिका शिक्षा, बालिका बीमा लगायतका अभियानहरू युवाको नेतृत्वमा सञ्चालन गर्ने ।

(८) यी उल्लेखित विषयवस्तुहरू विद्यालय स्तरबाटै सुचारु गर्ने । सामाजिक विषय र युवा नेतृत्वका विषयलाई विद्यालयका पाठ्यक्रममा समेत समावेश गर्ने । युवा संलग्नताको स्थलगत ययार्थ जानकारी गराउने व्यवस्था मिलाउने । बिद्यालयस्तरमै युवाक्लब गठन र उनीहरूको सहभागितालाइ अभिवृद्धि गरी सवल युवा र सक्षम नागरिक बनाउन भूमिका निर्वाह गर्ने ।